**क्षीरेश्वरनाथ नगरपालिका, महेन्द्रनगर, धनुषाका बोलपत्र सम्बन्धी सम्पुर्ण बोलपत्रदाता वा बोलपत्र खरिदकर्ताहरुलाई सुचना**

**यस नगरपालिकाको मिति २०७४/१/८ को निर्णय अनुसार निम्न सुचना सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**मिति : २०७४/१/१०**

(१) यस नगरपालिकाबाट बोलपत्रदाताको बिक्रीको लागि कार्यालय मार्फत र विद्युतीय माध्यम मार्फत उपलब्ध गराउने भनी प्रमाणित गरी जारी बोलपत्र कागजात र योग्यताको विषयमा Contact no.NCB/02/2073/074,Way from Devkota chowk to chhireshwor Mandir (Rigid Drain) , Contact no.NCB/03/2073/074, Diwaharthan to challa Godam Road, Ward no.-5, Kshireshwornath, Contact no.NCB/05/2073/074, Jankai Medical Narayan Chowk to Ramdaiya Road (Rigid Drain) Ward no.-1, Kshireshwornath, Contact no.NCB/06/2073/074, Rajdevi Temple To Hariharpur Road, Ward no.-7, Kshireshwornath सडकहरुको लागि बोलपत्र कागजातमा उल्लेखित Section III 2.को बुंदा नं. 2.2 को 2.1.1 र 2.3 को 2.3.1, 2.3.3 देखि सम्मको क्वालिफिकेसन र योग्यता आधार नभएको अवस्थामा पनि उक्त विषयलाई सार्वजनिक खरिद नियमावली ५२ को उपनियम ३ को अधिनमा रही सोही नियमावलीको नियम ६१ को (६) को विषयलाई प्रतिकुल प्रभाव नपर्ने गरी प्राविधिक हेरफेर एवं साना तिना फरकको रुपमा मानी अन्य तोकिएको योग्यता रहेको आधारमा बोलपत्र मुल्यांकनमा समावेश गराउने कार्यबाट बन्चित नगरिने निर्णय गरियो । उक्त जानकारी बोलपत्रदाताहरु वा बोलपत्र खरिदकर्ताहरुको जानकारी प्रयोजनार्थ सुचना पार्टीमा टाँस गर्ने निर्णय गरियो ।

(२) <u>निर्णय नं. ३ : Contact no.NCB/04/2073/074, Hanuman Chowk-Kuchai, Ward no.-5, Kshireshwornath</u> : यस सडकको हकमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यो योजना ठुला पुर्वाधारको रुपमा राखी रु.९२ लाख १६ हजार नगरपालिकालाई छुट्याईएको र यसलाई नमुना सडकको रुपमा निर्माण एवं विकास गर्न सम्पुर्ण पक्षहरुमा ध्यान दिई कार्यान्वयन गर्ने लगायतको मिति २०७३/८/१३ को पत्रको निर्देशनका आधारमा उक्त सडक निर्माण उच्चस्तरीय सोच र प्राविधिक दृष्टिकोणबाट प्रभावकारी हुनेगरी निर्माण कार्य गराउनु भन्ने आशय प्रेरित रहेकोले उक्त सडककालागि पर्न आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा नगरपालिकाको बोलपत्र कागजातमा समावेश भएको योग्यता र मुल्यांकनका आधारलाई नै मुख्य आधार मानी सोही अनुरुप मुल्यांकन कार्यमा समावेश गर्ने निर्णय गरियो । उक्त जानकारी बोलपत्रदाताहरु वा बोलपत्र खरिदकर्ताहरुको जानकारी प्रयोजनार्थ सुचना पार्टीमा टाँस गर्ने निर्णय गरियो ।

१/१०

कार्यकारी अधिकृत

सुवर्ण घिमिरे
कार्यकारी अधिकृत